नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र


## खण्ड ६, संख्याः ११, फाल्गुण ३० गते, २०७९ साल


सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि २०७९

**गाउँकार्यपालिका बाट स्वीकृत मितिः २०७९।११।२९**


सिद्धलेक गाउँपालिका

प्रस्तावना : गाउँपालिका भित्रका युवाहरु रोजगारीका लागि विदेशिने या शहर प्रवेश गर्ने प्रवृति बढ्दै जाँदा स्थानीय रुपमा उपलब्ध श्रोत तथा साधन उपयोग नहुने, उत्पादकत्व कम हुने, घरघरमा युवाहरु होईन बृद्धवृद्धा र केटाकेटी सहितका महिलाहरु मात्र बाँकी रहने अवस्था सिर्जना भएको छ । यस्तो प्रवृतिले गाउँको दिर्घकालिन विकासमा अवरोध सिर्जना भएको छ । यसलाई परिवर्तन गरि स्थानीयस्तरमा उपलब्ध स्रोत तथा जनशक्तिको प्रयोग गरि स्थानिय स्तरमै रोजगारीका अवसर सिर्जना गर्दै गरिवी न्युनिकरण गर्ने र दिगो विकासको लक्ष हाँसिल गर्न युवाहरुमा रहेको क्षमता र शिपको अधिकतम उपयोग गर्ने गरि स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ तथा सिद्धलेक गाउँपालिकाको प्रशासकिय कार्यविधि नियमित गर्न वनेको ऐन २०७४ को दफा ४ ले दिएको अधिकार अन्तर्गत रहि पारित “अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि २०७९” स्वीकृत गरि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क. यो कार्यविधिको नाम “**अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि २०७९”** रहेको छ ।

ख. यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा :** विषय र प्रसङ्गले अर्को नलागेमा यस कार्यविधिमा :-

क. अध्यक्षसंग युवा स्वारोजगार कार्यक्रमम भन्नाले : वैदेशिक रोजगारी तथा वढ्दो वसाँइसराई लाई न्युनिकरण गरी स्थानिय रोजगारीका अवसरहरुलाई प्रवर्द्धन गर्न अनुदान सहितको सिद्धलेक गाउँपालिकाबाट कार्यविधिको अधिनमा रहि संचालित युवा स्वरोजगार कार्यक्रम सम्झनु पर्छ ।

ख. युवा स्वरोजगार कोष भन्नाले : गाउँपालिका भित्रका लगानी क्षमता न्युन भएका तथा नभएका युवा शक्तिलाई स्वरोजगार वनाउने गरी पहिलो बर्ष गाउँपालिकाबाट स्वरोजगार कोषमा रु ५० लाख जम्मा गरी खडा (स्थापना) गरिएको कोषलाई सम्झनु पर्छ ।

ग. कार्यविधि भन्नाले : सिद्धलेक गाउँपालिका अर्न्तगत सञ्चालित “**अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यविधि २०७९”** लाई सम्झनु पर्दछ ।

घ. समिति भन्नाले : गाउँपालिका भित्र गठित युवा स्वरोजगार कोष संचालक समिति भन्ने सम्झनु पर्दछ ।

ङ. परियोजना भन्नाले : युवा स्वारोजगार कार्यक्रमको लागि तयार पारिएको प्रस्ताव वुझ्नु पर्दछ ।

सिद्धलेक गाउँपालिका

च. कार्यक्रमका लक्षित वर्ग भन्नाले : गाउँपालिका भित्र स्थायी वसोवास गर्ने १८ देखी ४० वर्ष भित्रका लगानी क्षमता न्युन भएका युवा वर्ग भनि वुझ्नु पर्दछ ।

छ. अनुदान भन्नाले : गाउँपालिका भित्र परियोजना संचालन गर्ने गरी छनौट भएका युवाहरुलाई प्रदान गरिने रु २ लाख सम्मको नगद तथा जिन्सी भन्ने वुझ्नु पर्दछ ।

३. कार्यक्रमको उदेश्य तथा प्रभाव : यस कार्यक्रमको मुख्य उद्देश्य सिद्धलेक गाउँपालिका भित्रका युवाहरुलाई स्थानीय रुपमा नै रोजगारीका अवसर सिर्जना गराई गाउँ छाडेर विदेश या देशभित्रका अन्य भागमा जानुपर्ने वाध्यताबाट मुक्त गराउनु रहेको छ । भने प्रभावहरु तपशिल वमोजिम हुनेछन् ।

- कार्यक्रम सञ्चालन भएपछि युवाहरु आफ्नै गाउँठाउँमा स्वरोजगार हुनेछन ।
- युवाहरुमा उद्यमशिलता बढ्नेछ ।
- नयाँ पुस्तामा गाउँमै अवसरहरु प्राप्त छन् भन्ने सन्देश प्रवाहित हुनेछ ।
- युवा पलायन रोकिनेछ ।
- स्थानीय स्रोतको उच्चतम प्रयोग भै समग्र ग्रामीण अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्नेछ ।

## परिच्छेद-२
## समिति गठन :

४. (१) कोष संचालक समिति : अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालनका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा तपशिल वमोजिमको स्वारोजगार कोष सञ्चालक समिति गठन गरिने छ ।

- गाउँपालिकाका अध्यक्ष — संयोजक
- गाउँपालिका उपाध्यक्ष — सह-संयोजक
- अर्थिक विकास समिति संयोजक सदस्य — सदस्य
- गाउँपालिका लेखा प्रमुख — सदस्य
- गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत — सदस्य सचिव

(२) प्रस्तावहरुको मुल्यांकन तथा स्वीकृति समति : अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालनका लागि गाउँपालिका अध्यक्षको नेतृत्वमा तपशिल वमोजिमको स्वारोजगार कोष मार्फत अनुदान वितरण तथा अनुगमनको तपशिल वमोजिमको प्रश्ताव मुल्यांकन तथा छनौट समिति गठन गरिनेछ ।

- गाउँपालिकाका अध्यक्ष — संयोजक
- अध्यक्षले मनोनित गरेका वडा अध्यक्ष १ जना — सदस्य
- अध्यक्षले मनोनित गरेका महिला वा दलित वडा सदस्यमध्ये

बाट १ जना, सदस्य

- अध्यक्षले मनोनित गरेका नागरिक समाजका प्रतिनिधि १ जना सदस्य
- गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(३) अनुगमन सम्वन्धी व्यवस्था : अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम (युवा स्वरोजगार कोष) सञ्चालन कार्यक्रमबाट छनौट भई उद्यमी (स्वरोजगार वनेका) युवाहरुले अनुदानको रकमको दुरुपयोग गरे नगरेको विषयमा अनुगमन गर्नको लागि तपशिल वमोजिमको अनुगमन समिति गठन गरिनेछ ।

- गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको व्यक्ति १ जना - संयोजक
- अध्यक्षले तोकेको व्यक्ति १ जना - सदस्य
- प्रमुख प्रशासकीय अधिकृत वा योजना शाखा प्रमुख १ जना - सदस्य
- सम्बन्धित समितिको प्रतिनिधि १ जना - सदस्य
- उद्यमी रहेको वडाका वडाअध्यक्ष - सदस्य

## परिच्छेद-३
## कार्यक्रम संचालन प्रकृया :

५. प्रस्ताव आह्वान : (१) १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका युवाहरुले स्वरोजगार कोषबाट अनुदान प्राप्त गरी स्वरोजगार वन्ने कार्यक्रममा सहभागी हुन इच्छुक युवाहरुको लागि स्थानीय सञ्चारमाध्यम, पत्रपत्रिकामा सूचना प्रकाशित गरी गाउँपालिकामा पेश गर्नेगरी प्रस्ताव आव्हान गरिने छ । प्रस्ताव आव्हानको सूचना अनुसूची १ बमोजिम स्थानीय स्तरको दैनिक पत्रिकामा/स्थानीय पत्रिकामा वा कार्यालयहरुले ३५ दिने सूचना प्रकाशन गर्नेछन् । साथै अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र तथा संक्षिप्त कार्ययोजना प्रस्ताव कमशः अनुसूची २ र ३ बमोजिमको ढाँचामा हुनुपर्नेछ ।

(२) सुचना सार्वजनिक भएको ३५ दिन भित्र यस्तो कार्यक्रममा सहभागी हुन चाहने युवाले आफुले गर्न चाहेको काम, पेशा, व्यबसाय खुलाएर, त्यसको अनुमानित लागत, थप रकम आवस्यक पर्ने भए त्यसको स्रोत, सम्भावित आय समेत खुलाएर वडाध्यक्षको सिफारिस सहित आवेदन दिनु पर्नेछ ।

३. यस्तो निवेदन उपर आवश्यक छानविन गरि उचित ठहरिएका निवेदक युवाहरुलाई सामुहिक रुपमा भेला गरि कार्यक्रमको उद्देश्य र सञ्चालन विधिवारे जानकारी गराईनेछ ।

४. तोकिएको संख्या भन्दा बढि आवेदन पर्न आएमा पहिलो आउनेलाई प्राथमिकता दिने आधारमा अनुदान दिईनेछ ।

५. कार्यक्रममा सहभागिताका लागी आवेदन दिने युवा सिद्धलेक गा.पा.को स्थायी वासिन्दा हुनुपर्ने छ भने सहभागिको उमेर १८ बर्ष देखि ४० बर्ष भित्र हुनुपर्नेछ ।

६. यस कार्यक्रम अन्तरर्गत सहभागी युवाले परियोजना यसै गाउँपलिका भित्र मात्रै सञ्चालन गर्न पाउनेछन् ।

७. रोजगार सम्वन्धी काम र योजनाका लागि गाउँपालिकावाट एकपटक आर्थिक अनुदान लिईसकेको व्यक्ति यो योजनामा सामेल हुन पाउनेछैन् ।

## परिच्छेद-४

### विविध :

६. प्राथमिकता दिनुपर्ने : कार्यक्रममा सहभागिताका लागि उसको वर्गीय अवस्था अनुसार प्राथमिकता तोकिने छ । यस्तो वर्ग विश्लेषणको आधार विज्ञहरुको समुहले गरेको आर्थिक स्तरिकरण सर्भेक्षण ( गाउँपालिका प्रोफाईल) का आधारमा हुनेछ । गाउँपालिकामा समग्रमा विपन्न र धनि वर्गको तुलनामा निम्न मध्यमवर्गको परिवार संख्या बढि भएकोले निम्नानुसार प्राथमिकता तय गरिनेछ :

- विपन्न वर्गबाट २५ %
- निम्नमध्यम वर्गबाट ५० %
- मध्यम तथा धनि वर्गका सदस्य मध्यबाट २५ % कार्यक्रममा समावेशी प्रतिनिधित्व होस र महिलाहरुको कम्तीमा ३३ प्रतिशत सहभागिता सुनिश्चित होस भन्नेमा गाउँपालिका सचेत हुनुपर्नेछ ।

७. अनुदान भुक्तानी प्रक्रिया :

- प्राप्त आवेदनहरुको परिक्षण पछि तत्काल उपयुक्त देखिएका परियोजनाका लागि एक साता भित्रै पहिलो किस्ता (५० हजार रुपैंया) प्रदान गरिने छ । कामको प्रगतिको आधारमा बाँकी रकम तिन महिनाभित्र प्रदान गरिनेछ ।
- परियोजना प्रस्ताव ल्याएका तर परियोजनाका विविध पक्षबारे आवस्यक ज्ञान र सूचना कम भएका आवेदकका हकमा गाउँपालिकाले अभिमुखीकरण तालिम प्रदान गर्ने छ ।
- शिप सिकेर काम गर्ने चाहना राख्ने आवेदकका हकमा गाउँपालिकाले विभिन्न संघ या संस्थाहरुको सहयोगमा आवस्यक तालिमको व्यबस्था गरेपछि मात्र यस्तो अनुदान उपलब्ध गराउने छ ।

८. वडागत अनुगमन : कोष सञ्चालक समितिले कार्यक्रम अनुगमनका लागि वडा समितिलाई निर्देशन गर्ने छ । सम्वन्धीत वडा अध्यक्षको नेतृत्वको समितिले अनुदान लिईएको परियोजनाको अनुगमन गरि गाउँपालिका अध्यक्षलाई प्रतिवेदन दिने छ ।

९. स्वरोजगार कोषमा योगदान गर्नुपर्ने : (यस्तो कोषको नाम युवा सम्वृद्धि कोष पनि राख्न सकिनेछ) एकपटक अनुदान पाईसकेको युवाले गाउँपालिकाको युवा स्वरोजगार कोषमा न्युनतम योगदान गर्नुपर्नेछ । यसका लागि अनुदान लिएको युवाले आफ्नो वर्गीय हैसियत अनुसार पाँच बर्षमा आफ्नो दायित्व अनुसारको रकम दाखिला गर्नेछन । यसरी स्वरोजगार कोषमा जम्मा गर्दा तपशिल वमोजिम गर्नुपर्नेछ ।

- धनि तथा मध्यम वर्गका स्वरोजगार अनुदान लिनेले पाँच बर्षमा प्रतिवर्ष ५हजारका दरले ( २५ हजार)

- निम्न मध्यम वर्गका सदस्यले प्रतिवर्ष ३ हजारका दरले पाँच बर्षमा १५ हजार
- विपन्न वर्गका सदस्यले प्रतिवर्ष २ हजारका दरले पाँच बर्षमा१० हजार,

यसरी हरेक बर्ष गाउँपालिकाले निश्चित अनुदान उक्त कोषमा जम्मा गर्ने र अनुदानमा काम गरेका युवाहरुले पनि निश्चित योगदान गर्दै जाने क्रममा गाउँमा स्वरोजगरलाई सहयोग गर्ने एउटा स्थायी कोष बन्नेछ ।

१०. दुरुपयोग हुनबाट रोक्ने : यस्तो अनुदान दुरुपयोग हुनबाट रोक्न गाउँपालिकाले उपयुक्त उपायहरु अपनाउन सक्नेछ । यसरी अनुदान लिएर दुरुपयोग गर्नेका हकमा निजलाई गाउँपालिकाले दिने सुविधाबाट बञ्चित गर्न सकिने प्रावधान सहित उल्लेख गरेर करारपत्रमा हस्ताक्षर गर्न लगाईनेछ ।

११. अवधि : यस्तो स्वरोजगार कार्यक्रमको प्रभावकारिता हेरी कोष सञ्चालक समितिको सिफारिसमा गाउँपालिकाले कार्यक्रम स्थगित गर्न सक्नेछ ।

१२. प्रचलित कानून लागू हुने : कार्यक्रम कार्यन्वयनको सम्वन्धमा प्रचलित कानमा उल्लेख भएकोमा सोही बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यन्वयन हुनेछ ।

१३. कार्यविधि संसोधन तथा परिर्माजन : सिद्धलेक गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यक परिमार्जन एवंम संशोधन गर्न सक्ने छ ।

सिद्धलेक गाउँपालिका

## अनुसूची - १

### अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषवाट स्वरोजगार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचनाको ढाँचा

अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : ..................................

यस कार्यालयको आ.व. २०..../....... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार युवाहरुलाई अध्यक्षसंग युवा स्वरोजगार (युवा स्वरोजगार कोष) मार्फत स्वरोजगार प्रर्वद्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक १८ देखी ४० वर्ष उमेरमा अर्धवेरोजगार/बेरोजगार यस गाउँपालिकामा स्थायी वसोवास गर्ने युवाहरुले पेश गर्नेगरी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचामा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ । पुनश्चः आवेदन साथ तपशिल अनुसारका कागजाहरु संलग्न राख्न समेत यसै सूचनाद्धारा सूचित गरिन्छ ।

१. अनुसुची २ अनुसारको आवेदन फाराम

२. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना

३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा भाडा सम्झौतापत्र आदी ) को प्रतिलिपीहरु

५. कार्यविधि गाउँपालिकाको वेवसाईट : www.siddhalekmun.gov.np मा हेर्न सकिनेछ ।

६. थप जानकारीका लागि सम्पर्क : ९८५१३१३५५३ र इमेल : sidhalekhruralmun@gmail.com

नोट : यस सुचनामा उल्लेखभए वाहेकका विषयमा प्रचलित कानून र गाउँ कार्यपालिकको निर्णय वमोजिम हुनेछ ।

सिद्धलेक गाउँपालिका

## अनुसूची - २
## अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम , युवा स्वरोजगार कोषवाट अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने आवेदन पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यु,
सिद्धलेक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङचुङ, धादिङ ।

विषय : अनुदान सहयोग उपलब्ध गराईदिने वारे ।

महोदय,
मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ........................................ कार्य गर्न तिव्र इएच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्वन्धीत गाउँपालिका भित्रै रही कार्य गर्नेछु । पुनश्च : तपशिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।
तपशिल :

१. अनुसुची ३ अनुसारको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. गर्न चाहेको पेशा व्यवसाय सम्वन्धीत निकायामा दर्ता भएको प्रमाणको प्रतिलिपि
४. अन्य प्रमाणित प्रमाण पत्रहरु (तालिम, शैक्षिक योग्यता, अनुभव, घरजग्गा भाडा सम्झौतापत्र आदी ) को प्रतिलिपिहरु
५. वैदेशिक रोजगारबाट फर्केका युवाहरुको हकमा पासपोटको प्रतिलिपी
६. परियोजनाको प्राविधिक तथा आर्थिक प्रस्ताव
७. पर्यावरणीय असरको न्यूनिकरण गर्ने उपाय र जैविक सुरक्षा सम्वन्धी विवरण
८. कार्यक्रम कार्यन्वयन गर्ने प्रतिवद्धता

निवेदक
नाम :
दस्तखत:
ठेगाना :

सिद्धलेक गाउँपालिका

**अनुसुचि ३**

**अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम , युवा स्वरोजगार कोषवाट अनुदान प्राप्त गर्नको लागि पेश गरिने संक्षिप्त व्यावसायिक कार्ययोजना :**

गर्न चाहेको पेशा व्यवसायको नाम : सम्पर्क नम्वर :

ठेगाना : धादिङ जिल्ला, सिद्धलेक गाउँपालिका वडा नं. ........... टोल : ..............................

पेशा/व्यवसाय गरिने स्थान :

व्यवसायिक हुन गरिने पेशा/व्यवसायको कार्यविवरण :

| क्र.स. | संचालन गरिने क्रियाकलाप | अपेक्षित अनुदान सहयोग (रु.) | नीजि लगानी (रु.) | जम्मा लगानी (रु.) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

पेशा व्यवसाय गर्ने व्यवसायिले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेश गर्नुपर्नेछ ।

१. व्यवसाय विगत कति वर्षदेखि निरन्तर गरिरहेको हो : वर्ष ...................... महिना ....................

२. पेशा/व्यवासयाको किसिम :

३. पेशा/व्यवसायको कुला लागत :

४. पेशा/व्यवसायवाट लाभान्वित परिवार संख्या :

५. पेशा/व्यवसाय गरेको जग्गाको कुल क्षेत्रफल :

६. पेशा/व्यवसायका प्रयोग हुने प्रविधि :

९. पेशा/व्यवसायको लागि श्रमको व्यवस्थान :

क. पारिवारिक : महिला संख्या : ................., पुरुष संख्या : .............

ख. वाहिरवाट : महिला संख्या : ................., पुरुष संख्या : .............

१०. उत्पादित वस्तुको वजार : अपेक्षित वार्षिक प्रतिफल :

स्वरोजगार कोषबाट अनुदान प्राप्त गर्ने तर्फबाट सहि गर्ने :

नामः संस्थाको छाप :

दस्तखत : मिति :

सिद्धलेक गाउँपालिका

## अनुसूची - ४

## अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषवाट अनुदान प्राप्त गर्ने युवा संग कार्यक्रम संचाालनको लागि गरिने सम्झौता-पत्र :

सिद्धलेक गाउँपालिका मार्फत संचालन गरिने चालु आ.व. ............. को स्वीकृत अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम संचालन गर्ने सिद्धलेक गाउँ कार्यपालिकाको कार्यालय (यस भन्दा पछाडी पहिलो पक्ष भनिने), विशिष्टताको आधारमा छनौट भएका युवा श्री/सुश्री/श्रीमती ............................................... (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका कार्यक्रम संचालनका लागी द्विपक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा/कार्यविधि अनुसार सामाग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आफु स्वरोजगार हुनको लागि अवलम्वन गर्ने पेशा व्यवसायको लागि आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ................................................... व्यवसाय सञ्चालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा पहिलो पक्ष जिम्मेवार हुने छैन ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | दोश्रो पक्ष |
|---|---|
| सिद्धलेक गाउँपालिका को तर्फबाट सहि | युवा उद्यमी तर्फवाट सहि गर्नेको |
| नाम : | नाम : |
| पद : | पद : |
| दस्तखत : | दस्तखत : |
| मिति : | मिति : |
| सम्पर्क फोन नं.: | सम्पर्क फोन नं.: |
| कार्यालयको छाप : | औठाको छाप : |
| | दायाँ बायाँ |

सिद्धलेक गाउँपालिका

अनुसुची-५

अध्यक्षसंग युवा स्वरोजगार कार्यक्रम, युवा स्वरोजगार कोषवाट अनुदान प्राप्त गर्ने युवा छनौट गर्दा अपनाईने मुल्यांकनका आधारहरु :

| क्र.स. | द.नं. | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्य योजना (४०) | पेशा, व्यवसायको सम्भाव्यता/उपयुक्तता (२०) | अनुभव/तालिम (१०) | महिला (१०) | वैदेशिक रोजगारवाट फर्केको (१०) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१०) | कुल प्राप्तांक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

मुल्यांकन समितिका पदाधिकारीहरुको :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

नाम थर :
पद :
दस्तखत :
मिति :

सिद्धलेक गाउँपालिका

अनुसूची - ६

## अध्यक्ष संग युवा स्वरोजगार (युवा स्वरोजगार कोष) कार्यक्रमबाट अनुदान प्राप्त गर्ने युवाहरुले

प्रगति विवरण
पठाउने फारामको ढाँचा

१. उद्यमी

नाम :

ठेगाना :

२. सञ्चालित पेशा/व्यवसायको

नाम :

ठेगाना :

३. आ.व. :

४. प्रगति प्रतिवेदन अवधि :

| क्र.स. | कार्य विवरण | लक्ष्य | प्रगति | आईपरेका वाधा अड्चन | समाधानको लागि सुझावहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानिय बजारको विक्रि मुल्य :

१. ........................ २. .................................... ३. .........................................

उद्यमिको नाम :

दस्तखत :

मिति :

ठेगाना

सिद्धलेक गाउँपालिका